# युवा उद्यम कार्यक्रम सञ्चालन कार्यविधि–२०७६

**प्रस्तावना** : राष्ट्रिय युवा नीति, २०७२ र 'युथ द भिजन' २०२५ अनुसार मुलुकमा विभिन्न क्षेत्रका युवा वर्गमा उद्यमशीलता, सिर्जनशीलता तथा सीपको विकास गरी स्वरोजगार र उत्पादनको माध्यमबाट समृद्ध नेपाल निर्माणका लागि सक्रिय युवाका समूहलाई नगरपालिका भित्रको एक वडाका समूह वा संस्थामा रहेका दस युवा सम्मिलित एक उद्यम कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न एवम् सफल व्यवसायी बनाउनका लागि मन्थली नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "युवा उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि नगर पालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,** (क) "युवा उद्यम कार्यक्रम" भन्नाले नगर पालिकाबाट दफा ३ मा उल्लेखित क्षेत्रमा युवा नीतिबमोजिम १६-४० वर्ष उमेर समूहका नेपाली युवाहरूलाई लक्षित गरी युवाहरूको समूह वा युवाको संघ/संस्थाको माध्यमबाट युवाहरूको सीप, दक्षता वृद्धि गरी सफल व्यवसायी बनाउने राष्ट्रिय अभियानलाई सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ।

(ग) "परिषद्" भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ।

(घ) "युवा" भन्नाले सोह्र वर्षदेखि चालीस वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनु पर्छ।

(ङ) "उद्यम" भन्नाले जीविकोपार्जन, स्वरोजगार वा आय आर्जनका लागि गरिने सिर्जनात्मक, आर्थिक क्रियाकलाप, व्यवसाय वा उद्योगलाई सम्झनु पर्छ।

(च) "समूह" भन्नाले उद्यम सञ्चालन गर्नका लागि निर्माण भएको युवाको समूह सम्झनु पर्छ।

(छ) "संघ/संस्था" भन्नाले प्रचलित कानुनबमोजिम दर्ता भई अविछिन्न काम गरेका संघ/संस्थालाई सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले जिल्ला युवा समिति सम्झनु पर्छ।

(झ) "अध्यक्ष" भन्नाले जिल्ला युवा समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ञ) "उपाध्यक्ष" भन्नाले राष्ट्रिय युवा परिषद्को उपाध्यक्षलाई सम्झनु पर्छ।

(ट) "उद्यमी" भन्नाले आय आर्जन गर्ने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्ने व्यक्ति वा समूहलाई सम्झनु पर्छ।

(ठ) "व्यवसाय परामर्श सेवा" भन्नाले व्यवसायको सु-सञ्चालन विकास तथा स्तरोन्नतिका लागि प्रदान गरिने प्राविधिक तथा व्यवस्थापकीय सहयोग र

सेवालाई सम्झनु पर्छ ।

(ड) "साझेदार संस्था" भन्नाले कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनु पर्छ ।

(ढ) "वित्तीय सेवा प्रदायक संस्था" भन्नाले नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त संस्था सम्झनु पर्छ ।

(ण) "घुम्ती कोष" भन्नाले ऋण लगानी भएको रकम फिर्ता भई जम्मा हुन आएको रकम सम्झनु पर्छ ।

(त) "बेरोजगार व्यक्ति" भन्नाले आय/आर्जन हुने कुनै पनि पेसा व्यवसायमा नियमितरूपमा संलग्न नरहेको तथा कुनै काममा नियमितरूपमा सङ्लग्न नभएको व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद – २
## लक्षित समूह तथा उद्यम क्षेत्र

३. **लक्षित समूह**ः (१) सोह्र वर्षदेखि चालीस वर्ष सम्मको उमेर समूहका नेपाली युवा (कम्तिमा पनि युवा महिला ५० प्रतिशत) यस कार्यक्रमका लक्षित समूह हुने छन् ।

(२) विशेष प्राथमिकताको समूहका युवालाई विशेष प्राथमिकता दिइने छ ।

४. **युवा व्यवसायिक उद्यम क्षेत्र**ः युवाबाट व्यावसायिक उद्यम गर्न सकिने व्यवसायिक क्षेत्रहरू देहायबमोजिम रहने छन् ।

(क) कृषि तथा पशु पन्छीमा आधारित उद्यम व्यवसाय,

(ख) वन (जडीबुटी, वन पैदावार) मा आधारित उद्यम व्यवसाय,

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,

(घ) पर्यटन प्रबर्द्धन (होटेल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,

(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,

(च) हस्तकला, मूर्तिकला, चित्रकलामा आधारित उद्यम व्यवसाय,

(छ) संस्कृति, साहित्य सिर्जना, गीत सङ्गीतमा आधारित भई गरिने उद्यम व्यवसाय,

(ज) नगरपालिकाले आवश्यकता महसुस गरी छनोट गरिने अन्य उद्यम व्यवसाय ।

## परिच्छेद – ३
## व्यावसायिक उद्यम छनोटका आधार

५. **व्यावसायिक उद्यम छनोटका आधार** ः दफा-४ मा उल्लेखित उद्यम क्षेत्रहरूमध्ये कुनै एक क्षेत्रमा कार्य गर्न नगरपालिका क्षेत्रको एक वडा भित्रका कम्तिमा ५ देखि १० जना युवाको समूह एवम् संघ/संस्थालाई उद्यम सञ्चालन गर्नका लागि देहायका छनोट आधारहरू निर्धारण गरिएको छ ।

(१) **युवा उद्यम समूहमा समावेश हुने युवाको न्यूनतम् योग्यता**ः (क) १६ (सोह्र) वर्ष पूरा भई ४० (चालीस) वर्ष ननाघेको नेपाली नागरिक हुनु पर्ने,

(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट

सजाय नपाएको,

(ग) सरकारी चल अचल सम्पतिको दुरूपयोग नगरेको,

(घ) कम्तिमा आधारभूत तहको (कक्षा ८ उत्तीर्ण) शिक्षा हासिल गरेको,

(ङ) मगज नबिग्रेको ।

(२) **युवा समूहको निर्माणः** (क) बेरोजगार युवा हुनु पर्ने,

(ख) कम्तिमा ५० प्रतिशत युवा महिला हुनु पर्ने,

(ग) सीमान्तकृत तथा उद्यमी युवाहरू हुनु पर्नेछ,

(घ) मेड्पा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र आदिजस्ता उद्यम सम्बन्धी तालिम प्रदान गर्ने संस्थाबाट तालिम प्राप्त गरेका युवालाई विशेष प्राथमिकता दिइने छ ।

(३) **समूहका लागि न्यूनतम् आधारहरूः** (क) प्रचलित कानुनबमोजिम दर्ता भई नियमानुसार नवीकरण भएको,

(ख) युवाको हक हितको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा काम गर्ने उद्देश्य भएको,

(ग) अनुसूची -२ बमोजिमको ढाँचामा निवेदन र अनुसूची -३ बमोजिमको ढाँचामा व्यवसायिक योजना सङ्लग्न गरेको,

(घ) कालो सूचीमा नपरेको ।

(४) युवा समूह तथा संघ/संस्थाले प्रस्ताव गरेको व्यवसायिक प्रस्तावना मूल्याङ्कका आधारहरू :

| **क्र.सं.** | **मूल्याङ्कनका आधारहरू** | **अङ्क (बढीमा)** |
|---|---|---|
| १ | प्रस्तावित उद्यमको व्यवसायिक कार्ययोजना (५) वर्ष | २० |
| २ | समावेशी सहभागिता | ५ |
| ३ | स्थानीय स्रोतको आधारमा | १५ |
| ४ | आर्थिक लगानीको सुनिश्चितता | १० |
| ५ | थप रोजगारीको सिर्जना गर्ने | १५ |
| ६ | बजारको सुनिश्चितता | १५ |
| ७ | मानवीय स्रोत (तालिम प्राप्त युवा) | २० |
| | **जम्मा** | १०० |

द्रष्टव्य : परियोजना छनोटको मुख्य आधारः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (EVENTPROJECT) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA), जिल्ला घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला

कृषि विकास कार्यालय, महिला तथा बालबालिका कार्यालय, घरेलु विकास समिति, राष्ट्रिय युवा परिषद्, निजी स्तर आदिबाट व्यावसायिक तालिम प्राप्त गरेका र सबैभन्दा बढी युवा रहेको निर्वाचन क्षेत्रको वडाबाट आएको उद्यम प्रस्तावलाई विशेष प्राथमिकता दिई माथिका आधारमा परियोजना छनोट गर्नु पर्नेछ र तालिम प्राप्त नगरेका अन्य युवालाई क्रमशः सम्बन्धित संस्थाहरूको सहकार्यमा तालिम प्रदान गर्दै लैजाने व्यवस्था परिषद्ले गर्नु पर्नेछ।

## परिच्छेद – ४

## उद्यम छनोट तथा सम्झौता

६. **उद्यम छनोटः** (१) दस युवा एक उद्यम कार्यक्रममा सहभागिताका लागि नगरपालिकाले इच्छुक युवा समूहको जानकारीका लागि ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी र उक्त सूचना नगर पालिकाको वेबसाइट www.manthalimun.gov.np मा समेत राख्नेछ साथै नगर पालिकाले सम्पूर्ण वडा कार्यालयहरूलाई जानकारी गराउने छ। नगरपालिकाले उक्त अवधिमा आवश्यकता अनुसार १५ दिन सम्मको समय थप गरी प्रस्ताव आह्वान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि नगरपालिका क्षेत्रको एक वडा भित्रका कम्तिमा ५ देखि १० जनाको युवा समूह तथा संघ/संस्थाले उद्यम सञ्चालन गर्नको लागि निवेदन दिन चाहेमा सोही सूचनामा उल्लेखित म्यादभित्र अनुसूची -२ बमोजिमको ढाँचामा नगर पालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) नगरपालिका उद्यम छनोट समितिः नगरपालिकाको कार्यालयमा प्राप्त भएका निवेदन र अनुसूची - ३ बमोजिमको ढाँचामा व्यवसायिक योजना मूल्याङ्कन गरी छनोट गर्न देहायको युवा उद्यम मूल्याङ्कन छनोट समिति रहने छ।

(क) सामाजिक विकास समितिको संयोजक — अध्यक्ष
(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
(ग) शिक्षा, युवा र खेलकुद शाखा प्रमुख — सदस्य
(घ) कार्यपालिका सदस्यहरू मध्येबाट एकजना महिला सदस्य — सदस्य
(ङ) नगर प्रमुखले तोकेको वित्तीय सेवा प्रदायक संघ/संस्थाको प्रतिनिधि — सदस्य
(च) योजना शाखा प्रमुख — सदस्य
(छ) शिक्षा, युवा र खेलकुद शाखाको अधिकृत प्रतिनिधि — सदस्य-सचिव

प्रस्ताव परेका उद्यमसँग सम्बन्धित क्षेत्रको विज्ञको प्रतिनिधिलाई अनिवार्यरूपले आमन्त्रित गर्नु पर्नेछ। (घरेलु, कृषि, भेटेनरी, पशु, विज्ञान प्रविधि आदि)

**द्रष्टव्यः जिल्ला युवा समितिको अध्यक्षलाई आमन्त्रित गर्नु पर्नेछ।**
जिल्ला युवा समितिको अध्यक्ष नभएमा छनोट समितिका वरिष्ठ सदस्यहरू मध्येबाट अध्यक्षता गरी योजना मूल्याङ्कन तथा छनोट गर्न सकिने छ।

(४) नगरपालिका उद्यम छनोट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

(५) प्राप्त भएका व्यवसायिक प्रस्तावहरू मूल्याङ्कन गरी ७ दिनभित्र आफनो रायसहित स्वीकृतको लागि नगरपालिका कार्यालयमा पेस गर्नु पर्नेछ।

(६) नगरपालिका उद्यम छनोट समितिले समितिको बैठकमा वित्तीय कारोबार गर्न छनोट भएको वित्तीय संस्थालाई अनिवार्यरूपमा आमन्त्रण गर्नु पर्नेछ र आवश्यकता अनुसार उद्यमको व्यावसायिक प्रस्तावको विषय क्षेत्रअनुसार अन्य विशेषज्ञहरू आमन्त्रण गर्न सक्नेछ।

(७) नगरपालिका उद्यम छनोट समितिले गर्ने कार्यहरू देहायबमोजिम छन् :

(क) नगरपालिका उद्यम छनोट समितिले छनोट भएका व्यवसायिक प्रस्तावको विस्तृत, अध्ययन, परामर्श गरी कार्यपालिकामा स्वीकृतका लागि सिफारिस गरी पठाउने।

(ख) कार्यपालिकाले आवश्यक देखेमा उद्यम सञ्चालन कार्यान्वयन गर्ने क्षेत्रको अनुगमन निरीक्षण गर्नुका साथै सरोकारवालाहरूसँग सम्बन्धी सोधपुछ, विचार विमर्श गर्न सक्ने छ।

(ग) नगरपालिका उद्यम छनोट समितिले सिफारिस गरेका प्रस्ताव नगरपालिकाले सम्झौता र कार्यान्वयनका लागि स्वीकृत गर्नेछ।

(घ) उद्यमी समूहले उद्यम गर्नका लागि ऋण प्राप्त गरेपछि कुनै कारणले उद्यम गर्न नसकेको अवस्थामा नगरपालिकाले सोको अनुगमन गरी तत्काल कारण सहित दोस्रो क्रममा रहेको उद्यम सञ्चालन गर्न सम्झौता र कार्यान्वयन गर्ने छ।

(ङ) उद्यमी समूहको सदस्यहरूमध्ये कुनै एक सदस्यले उद्यम गर्न गर्न छोडी कतै गएमा, उद्यमीको मृत्यु भएमा अथवा भागेमा सो सदस्यको सट्टा सोही वडाको १६ देखि ४० वर्ष भित्रका इच्छुक अर्को युवालाई

आवश्यक प्रक्रिया पूरा गरी समावेश गराउन सकिने छ।

(च) कुनै कारणले व्यवसाय परिवर्तन गर्न चाहेमा वा पहिले पेस गरेको प्रस्ताव योजना सञ्चालनमा बाधा अड्चन आई परेमा नगरपालिकामा कारणसहित निवेदनको साथमा अर्को प्रस्तावित योजना दिन सक्ने छ र नगरपालिकाले कारण मनासिब देखेमा कार्यपालिकाको निर्णय अनुसार कार्यान्वयन गरिने छ।

७. **उद्यम सम्झौताः** (१) छनोट भएका युवा उद्यमको समूह र नगरपालिका तथा वित्तीय सेवा प्रदायक संस्थाबीच नगरपालिकाले तोकेको ढाँचामा त्रिपक्षीय सम्झौता गरिने छ। यसमा नगरपालिकाको कार्यालय, उद्यमको लागि छनोट भएका युवा समूह र वित्तीय सेवा प्रदायक संस्था रहने छन्।

(२) सम्झौताको प्रथम पक्ष नगरपालिकाको कार्यालय र दोस्रो पक्ष वित्तीय सेवा प्रदायक संघ/संस्था र तेस्रो पक्षमा सम्बन्धित उद्यमी युवा समूह हुने छन्। पहिलो पक्षमा नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा प्रतिनिधि र रोहवरमा प्रमुख प्रशासकीय अधिकृत सदस्य हुने छन् भने दोस्रो पक्षमा वित्तीय सेवा प्रदायक संस्थाको प्रतितिधि र रोहोवरमा उक्त संस्थाको कर्मचारी प्रतिनिधि र युवा उद्यमी समूहको तर्फबाट उद्यमी युवाहरू अध्यक्ष वा कोषाध्यक्ष र रोहवरमा समूहका एक सदस्य बस्नु पर्नेछ।

(३) उद्यमका लागि छनोट भएको संस्था वा युवा समूह नगरपालिका र वित्तीय कारोबार गर्न छनोट भएको वित्तीय सेवा प्रदायक संघ/संस्थाबीच त्रिपक्षीय सम्झौता गर्दा सम्झौतामा उल्लेखित सर्तहरूको अधीनमा रही गर्नु पर्नेछ।

(४) सम्झौताको तीन प्रति हुनेछ। एक प्रति सम्बन्धित युवा समूहलाई एक प्रति नगरपालिकामा, एक प्रति वित्तीय कारोबार गर्न छनोट भएको वित्तीय सेवा प्रदायक संस्थामा पठाउनु पर्नेछ।

## परिच्छेद – ५
## कोष तथा लेखा परीक्षण

८. **बजेटः** (१) युवा उद्यम सञ्चालन व्यावसायिक प्रस्तावहरू स्वीकृत भएपछि सम्बन्धित युवा उद्यम समूहको बैठकको निर्णयानुसार नगरपालिकाको कार्यालय प्रमुखको सिफारिसमा युवा उद्यमी समूहको अध्यक्ष र कोषाध्यक्ष वा लेखा हेर्ने सदस्यको संयुक्त दस्तखतबाट बैङ्क वा वित्तीय संस्थामा खाता सञ्चालन गरिने छ।

(२) प्रस्तावना स्वीकृत भई ऋण प्राप्त गर्ने युवा समूहले व्यवसायिक प्रस्तावनाको

कूल बजेटको २० प्रतिशत बराबरको रकम उपदफा १ बमोजिमको बैङ्क तथा वित्तीय संस्थाको खातामा अग्रीम जम्मा गरी सोको बैङ्क भौचर सम्बन्धित नगरपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) त्रिपक्षीय सम्झौता भइसकेपछि उद्यमी समूहले अनिवार्यरूपले बैङ्क तथा वित्तीय सेवा प्रदायक संस्थाको खातामा २० प्रतिशत रकम जम्मा गरेको एक हप्ताभित्र व्यावसायिक प्रस्तावनाको आधारमा वित्तीय कारोबारका लागि छनोट भएको सेवा प्रदायक संस्थामार्फत् पहिलो किस्ता ५० प्रतिशत रकम र सम्झौता बमोजिम उद्यमको कार्य प्रगतिको आधारमा बाँकी ५० प्रतिशत रकम सम्बन्धित समूह तथा संस्थाको खातामा सम्बन्धित नगरपालिकाको कार्यालयले स्थलगत अनुगमन गरी वित्तीय संस्थालाई निकासाको लागि सिफारिस गरेपछि प्राप्त हुनेछ तर उद्यमको प्रकृत्ति हेरी एकैपटक रू.५,००,०००/- (अक्षरेपी पाँच लाख) उपलब्ध गराउन पनि सकिने छ ।

(४) नगरपालिकाको कार्यालयमार्फत् व्यावसायिक योजनाअनुसार बढीमा रू.५,००,०००/- (अक्षरेपी पाँच लाख) सम्म उद्यम सञ्चालनको लागि कार्ययोजनामा उल्लेख भएअनुसार आवश्यक पर्ने प्रविधि व्यवस्थापनको लागि विना ब्याज ऋण उपलब्ध गराउने छ।

(५) प्रत्येक समूह तथा संघ/संस्थाले प्राप्त भएको रकम एक वर्षसम्म पूर्णरूपमा परिचालन गर्न पाउने छ। कूल ऋण रकमको दोस्रो वर्ष दस प्रतिशत, तेस्रो वर्ष बीस प्रतिशत, चौथो वर्ष तीस प्रतिशत र पाँचौ वर्ष चालीस प्रतिशत रकम गरी पूर्णरूपमा तोकेको युवा उद्यम विकास घुम्ती कोष खातामा फिर्ता गर्नु पर्ने छ। यदि समूहले दोस्रो वर्षदेखि माथि तोकिएको न्यूनतम् रकम बाहेक बढी रकम तोकिएको समय अगावै फिर्ता गर्न चाहेमा फिर्ता गर्न सकिने छ।

(६) युवा उद्यम समूहले प्राप्त ऋण व्यवसायको व्यावसायिक योजनाअनुसार पाँच वर्षभित्र नगरपालिकाले तोकेको बैङ्क खातामा फिर्ता गरिसक्नु पर्नेछ। ऋण भुक्तानी सम्बन्धी प्रक्रिया ऋण सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

९. **युवा उद्यम विकास घुम्ती कोषः** (१) युवा उद्यम सञ्चालनको लागि नगरपालिकाको छुट्टै बैङ्क खाता हुनेछ। यस कोषमा नगर पालिकाको रकम, युवा उद्यमीले ऋण फिर्ता गरेको रकम तथा सहयोगी संघ/संस्था वा निकायले युवा उद्यम विकासका लागि उपलब्ध गराएको रकम जम्मा हुनेछ।

(२) नगरपालिकाले यसरी युवा समूहद्वारा सञ्चालित उद्यमको समूह वा संघ/संस्थाबाट फिर्ता भएको रकम युवा उद्यम विकास घुम्ती

कोषमार्फत् अन्य क्षेत्रका युवा समूहलाई पुनः युवा उद्यमको क्षेत्रमा लगानी विस्तार गर्दै लैजाने छ । यसका लागि नगर पालिकाले युवा उद्यम विकास घुम्ती कोष सञ्चालन सम्बन्धी छुट्टै कार्यविधि बनाई लागू गर्नेछ ।

(३) युवा समूहबाट तोकिएको अवधिमा ऋण रकम फिर्ता नगरेमा त्रिपक्षीय सम्झौतामा उल्लेख भएबमोजिम र सो उल्लेख नभएकोमा प्रचलित कानुनबमोजिम हर्जनासहित (प्रचलित नियमानुसार लाग्ने ब्याज) सहित ऋण रकम निज वा निजका एकाघरका अभिभावकको नाममा रहेको चलअचल सम्पत्तिबाट सरकारी बाँकीसरह असुल उपर गरिने छ ।

१०. **लेखा परीक्षणः** (१) युवा समूहहरूद्वारा सञ्चालित उद्यमको लेखा प्रणाली नगर पालिकाले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

(२) उद्यमको आर्थिक कारोबारको लेखापरीक्षण नेपाल चार्टर एकाउन्टेन्ट संस्थामा सूचीकृत भएका दर्तावाल लेखा परीक्षक मध्येबाट गराउनु पर्नेछ। यसरी लेखा परीक्षण गराउँदा कार्यक्रम तर्फको प्रतिफल, उपलब्धी र प्रभावका आधारमा प्रगति विश्लेषण अनिवार्य रूपमा गर्नु पर्नेछ ।

(३) लेखा परीक्षणको प्रतिवेदन नगरपालिकाको कार्यालयमा लेखा परीक्षक नियुक्त भएको एक महिनाभित्र पेस गर्नु पर्नेछ ।

(४) युवा समूहले लेखा परीक्षणको प्रतिवेदन नगरपालिकाको कार्यालयमा पठाउनु पर्नेछ । नगरपालिकाको कार्यालयले नगर भरिको लेखापरीक्षण प्रतिवेदन एकीकृत गरी प्रगति विवरण कार्यपालिकामा पेस गर्नु पर्नेछ। नगरपालिकाबाट प्राप्त लेखा परीक्षण प्रतिवेदनले औंल्याएका विषयहरूमा सुधार गर्नु पर्नेछ ।

## परिच्छेद– ६
## सरोकारवाला निकायको भूमिका

११. **नगरपालिकाको भूमिकाः** (क) युवा उद्यम सम्बन्धी सूचना प्रकाशन गर्ने र वडा भरी सम्प्रेषण गर्ने, ।

(ख) फारामहरू वितरण गर्ने तथा प्राप्त प्रस्तावनाहरू दर्ता गर्ने ।

(ग) कार्यपालिकाबाट स्वीकृत भएका युवा उद्यम समूहलाई कार्यविधि बोजिमको प्रक्रिया पूरा गरी सम्झौता गरी ऋण प्रवाह गर्ने ।

(घ) व्यावसायिक उद्यमको नियमित अनुगमन निरीक्षण गर्ने ।

(ङ) उद्यमलाई प्रभावकारीरूपमा सञ्चालन गर्न तथा सहज बजारी

करण गर्न आवश्यक पृष्ठपोषण दिने र आवश्यकतानुसार विज्ञहरू मार्फत् परामर्शको व्यवस्था गर्ने ।

(च) नगरपालिकामा रहेका अन्य उद्यम सञ्चालनमा सङ्लग्न सरकारी निकायहरूबीच समन्वय गर्दै कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी बनाउने ।

(छ) आफनो क्षेत्रमा स्थापना भएका युवा उद्यमको सफलतापूर्वक सञ्चालनका लागि स्थानीय स्रोत साधनको उपलब्धतामा सहजीकरण, अनुगमन निरीक्षण, पृष्ठपोषण, उद्यमको बारेमा जानकारी उपलब्ध गराउन समन्वयकारी भूमिका निभाउने ।

(ज) स्थानीय युवाहरूलाई व्यावसायिक सीप प्रदान तथा स्वरोजगार गराउन आवश्यक पर्ने तथ्याङ्क तथा अन्य अद्यावधिक गरी राख्ने ।

१२. **जिल्लास्थित अन्य निकाय** : कृषि ज्ञान केन्द्र, घरेलु र जिल्ला समन्वय समितिको कार्यालयको भूमिका जिल्लामा रहेका निकायसँग व्यावसायिक उद्यमको पहिचान, छनोट, तालिम प्रदान, प्रविधि हस्तान्तरण, स्रोत साधनको उपलब्धता बजारीकरण, व्यावसायिक परामर्श, पृष्ठपोषण, अनुगमन निरीक्षण आदि कार्यमा सहकार्य गरिने छ ।

## परिच्छेद –७

## केन्द्रमा समन्वय तथा सहकार्य

१३. **समन्वय तथा सहकार्य**: (१)नगरपालिकामा युवा समूहद्वारा प्रस्तावित उद्यम सञ्चालनको लागि प्रविधिमा सहयोगको लागि निर्ब्याजी ऋण प्रदान गर्ने मात्र व्यवस्था भएकोले उद्यमको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाले विभिन्न सरकारी, गैर सरकारी तथा निजी संघ/संस्थाहरूसँग समन्वय गर्न सक्ने छ ।

(२) नगरपालिकाको मुख्य उद्देश्य बेरोजगार युवा समूहलाई उद्यमशीलताको विकास गरी सफल उद्यम सञ्चालनमा सहयोग गर्ने रहेको र नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग द्विपक्षीय समझदारी पत्रका आधारमा 'गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम' (MEDPA) सँग समन्वय गरिने छ । लघु उद्यम विकास कार्यक्रमसँग समन्वय गरी सम्भाव्य उद्यमी युवाहरूलाई सीपमूलक तालिम उपलब्ध गराउन समन्वय गरिने छ । नगरपालिकाले प्रत्येक वडामा युवा समूह छनोट गरी नगर स्तरीय घरेलु तथा साना उद्योग कार्यालय तथा घरेलु विकास समितिसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिने छ ।

(३) नगरपालिकाले उद्यम कार्यक्रम सञ्चालन गर्ने अन्य

निकाय CTEVT, व्यावसायिक सीप विकास तथा तालिम केन्द्र शिक्षा विज्ञान र प्रविधि मन्त्रालयअन्तर्गत सञ्चालित EVENT परियोजना युवा स्वरोजगार कोष, वाणिज्य बैङ्क, वित्तीय संस्था, बीमा कम्पनी र राष्ट्रिय संघ/संस्थासंग आवश्यकता अनुसार द्विपक्षीय समझदारी (MOU) गरी सहकार्य गर्न सक्ने छ।

(४) नगरपालिकाले लगानी गरेको ऋण तथा उद्यम समूहले दोस्रो वर्षदेखि तोकिएको रकम घुम्ती कोष खातामा फिर्ता गर्नु पर्नेछ। यसै कार्यविधिमा व्यवस्था भएबमोजिम उक्त रकम अन्य युवा समूहलाई पुनः युवा उद्यमको क्षेत्रमा लगानी विस्तार गर्दै लैजाने प्रावधान भएकोले तोकिएको अवधिमा नै ऋण रकम फिर्ता गर्न वित्तीय सेवा प्रदायक संस्थाको माध्यमबाट समूह बचत र लगानी गर्ने प्रक्रिया अगाडि बढाउन नगरपालिकाले सार्वजनिक सूचनामार्फत् इच्छुक वित्तीय सेवा प्रदायक संघ/संस्थाबाट प्रस्ताव माग गरी छनोट गर्ने छ। वित्तीय संस्था छनोट भैसकेपछि उक्त संस्थासँग सम्झौता गरी उनीहरू मार्फत् ऋण प्रवाह गर्ने, अनुगमन निरीक्षण एवम् प्रतिवेदन आदि कार्य गराइने छ। छनोट गरेको वित्तीय संस्थाले सम्झौता बमोजिम कार्य गर्न नसकेको अवस्थामा नगरपालिकाले अर्को वित्तीय संस्था छनोट गरी सम्झौता गर्न सक्ने छ। वित्तीय संघ/संस्थाको निम्ति प्रशासनिक (ओभरहेड) खर्च नगरपालिका र वित्तीय कारोबार गर्न छनोट भएको वित्तीय संस्थाबीच भएको सम्झौता बमोजिम हुनेछ।

## परिच्छेद- ८
## अनुगमन तथा निरीक्षण

१४. **अनुगमन तथा निरीक्षणः** (१) नगरपालिका र वित्तीय कारोबार गर्न छनोट भएको वित्तीय सेवा प्रदायक संस्थाबाट अनुगमन गरिने छ। अनुगमनपश्चात् सोको प्रतिवेदन नगरपालिकामा पेस गर्नेछ।

(२) अनुगमनलाई बढी प्रभावकारी र नतिजामुखी बनाउन नगरपालिकाले अन्य नागरिक समाज, पत्रकार, सरोकारवाला आदिबाट पनि अनुगमन निरीक्षण गराई पृष्ठपोषण तथा सुझावहरू लिन सक्ने छ।

(३) केन्द्रीय स्तरबाट परिषद् तथा मन्त्रालयबाटसमेत अनुगमन निरीक्षण गरी आवश्यक पृष्ठपोषण एवम् सुझाव दिन सक्नेछ।

(४) कार्यक्रमको अनुगमन तथा निरीक्षणका लागि केन्द्रीय स्तरमा रहेको अनुगमन तथा निरीक्षण समिति तथा जिल्ला वा प्रदेशबाट

प्रतिनिधित्व गर्ने राष्ट्रिय युवा परिषद्का सदस्यले त्यसको प्रतिवेदन नगरपालिकामा पेस गर्नु पर्नेछ ।

(५) नगरपालिकाले कार्यक्रमको प्रभावकारिता हेर्न तेस्रो पक्षबाट समेत अनुगमन निरीक्षण तथा अध्ययन गराई पृष्ठपोषण लिन सक्ने छ ।

१५. **अनुगमन निरीक्षण समितिः** (१) युवा समूहहरूद्वारा सञ्चालित उद्यमहरूको समग्र अनुगमन गर्नका लागि देहाय बमोजिमको नगरपालिका अनुगमन तथा निरीक्षण समिति रहने छ ः

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |
| (घ) वित्तीय सेवा प्रदायक संस्था प्रमुख वा प्रतिनिधि | सदस्य |
| (ङ) विषय क्षेत्र अनुसारको विषय विज्ञ | सदस्य |
| (च) योजना शाखा प्रमुख | सदस्य |
| (छ) शिक्षा खेलकुद तथा युवा शाखाको अधिकृत | सदस्य-सचिव |

(२) नगरपालिका अनुगमन तथा निरीक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) नगरपालिकामा सञ्चालनमा रहेका उद्यमहरूको अनुगमन निरीक्षण गर्ने र कार्यान्वयनमा देखिएका राम्रा पक्षका साथै बाधा, व्यवधान, समस्या तथा त्यसको समाधानका लागि सिफारिस सहितको प्रतिवेदन कार्यपालिकामा पेस गर्ने ।

(ख) नगर स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिलाई सहजीकरण गर्न आवश्यक निर्देशन दिने र सोको कार्यान्वयन भए नभएको बारेमा जानकारी लिने ।

(३) नगरमा युवा समूहद्वारा सञ्चालित उद्यमहरूको समग्र अनुगमन नगरपालिकाको कार्यालय प्रमुखले गर्नु पर्नेछ ।

(४) नगरपालिकाको कार्यालय प्रमुखको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) उद्यमको कार्यान्वयन कार्य तालिकाअनुसार भए नभएको यकिन गर्ने र नगरेको पाइएमा सुझाव दिने, सचेत गराउने ।

(ख) कार्यान्वयनमा सहजीकरण गर्ने र बाधा, व्यवधान, समस्या समाधानका लागि आवश्यक निर्देशन दिने ।

(ग) तोकिएको समयमा उद्यम सञ्चालन सम्बन्धी सम्झौता बमोजिमको कार्य नगरेको पाइएमा नियमानुसारको

कारबाही गर्न सुझाव सहितको सिफारिस कार्यपालिकामा पेस गर्ने ।

## परिच्छेद– ९

## प्रतिवेदन

१६. **प्रतिवेदनः** (१) उद्यम विकास संस्थाले नगरपालिकासँग गरेको सम्झौता भएको त्रैमसिक प्रतिवेदन नगरपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ । त्यसपछि अनुसूची-४ बमोजिमको ढाँचामा त्रैमासिकरूपमा वित्तीय र भौतिक प्रगति पठाउनु पर्ने छ ।

(२) नगरपालिकाले यसरी प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी आफनो कार्यालयबाट सम्पादन भएका अन्य कार्यलाई समेत समावेश गरी प्रत्येक चौमासिकरूपमा तोकिएको ढाँचामा प्रगति प्रतिवेदन कार्यपालिकामा पेस गर्नु पर्नेछ । यसरी प्राप्त प्रतिवेदन एकीकृत गरी चौमासिकरूपमा सङ्घीय मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) नगरपालिका अनुगमन तथा निरीक्षण समितिले नगरमा सञ्चालनमा रहेका उद्यमहरूको अनुगमन निरीक्षण गरी समस्या तथा त्यसको समाधानका लागि सिफारिस र नगर पालिकाको कार्यालय प्रमुखको प्रतिवेदलाई समेत समेटेर समष्टिगत प्रतिवेदन तयार गरी कार्य पालिकामा पेस गर्नु पर्नेछ ।

## परिच्छेद – १०

## पुरस्कार तथा दण्ड सजाय

१७. **पुरस्कारः** युवा उद्यम कार्यक्रमलाई प्रभावकारी र नतीजामुखी बनाउन निम्न सूचकका आधारमा उच्चतम् अङ्कहासिल गर्ने उद्यम व्यवसायी समूह तथा संस्थालाई नगद तथा प्रमाण पत्रबाट पुरस्कृत गरिने छ ।

(क) अधिकतम् रोजगार सिर्जना गर्ने,

(ख) स्थानीय स्रोत र साधनको अधिकतम् प्रयोग गर्ने,

(ग) तोकिएको समय वा समय अगावै ऋण रकम फिर्ता गर्ने उद्यमी,

(घ) निर्यातमा वृद्धि र आयातमा प्रतिस्थापन गर्न योगदान पुऱ्याएको

(ङ) उत्पादन गरिएका सामग्रीहरूको गुणस्तर कायम भएको,

(च) उद्यमको विकासले स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

(छ) उद्यमी समूहले तोकिएको ढाँचामा सम्बन्धित निकायमा प्रतिवेदन पेस गरेको,

(ज) परिवारको आयमा भएको वृद्धिको अवस्था,

(झ) कार्य योजनाअनुसार कार्य सम्पादन प्रगति गरेको आदि ।

१८. **दण्ड सजायः** (१) उद्यमी संस्थाले प्रस्ताव गरिए बमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता उद्यमी संस्थालाई नगर पालिकाबाट सञ्चालन गरिने कुनै पनि कार्यक्रमहरूमा सहभागी गराइने छैन ।

(२) उद्यमी संस्थासँग सम्झौता भइसकेपछि सम्झौताअनुसार गुणस्तर एवम् परिमाणमा कार्य सम्पन्न नगरेमा तथा परिषद्बाट दिइएको बजेट हिनामिना गरेमा उक्त समूह तथा संघ/संस्थाबाट हिनामिना गरेको रकम प्रचलित कानुनबमोजिम सरकारी बाँकी सरह असुलउपर गरिने छ। यस कार्यमा स्थानीय प्रशासनको नगरपालिकाका कार्यालय प्रमुखले आवश्यक सहयोग लिन सक्नेछ।

**परिच्छेद–११**

**विविध**

१९. **सहयोग गर्नु पर्ने**: यस निर्देशिका बमोजिम युवा उद्यम विकास सञ्चालन कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२०. **व्याख्या गर्ने अधिकार** : यस कार्यविधिमा भएको कुनै व्यवस्था अस्पष्ट भई व्याख्या गर्नु पर्ने भएमा नगरपालिकाले सोको अन्तिम व्याख्या गर्नेछ।

२१. **कार्यविधि संशोधन गर्न सक्ने** : कार्यपालिकाले आवश्यकताअनुसार यो कार्यविधि संशोधन गर्न सक्ने छ।

२२. **बाधा अड्काउ फुकाउने** : यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ।

२३. **बचाउ र खारेजी** : यो कार्यविधि स्वीकृत हुनु अगावै युवा उद्यम सम्बन्धी भएका काम कारबाहीहरू यस कार्यविधि बमोजिम भएसरह मानिने छ।

**अनुसूची – १**
**(परिच्छेद २ दफा ३ को उपदफा ४ सँग सम्बन्धित)**

**युवाबाट व्यावसायिक उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरू :**

(क) **कृषि तथा पशुपन्क्षीमा अधारित उद्यम व्यवसायः** तरकारी खेती, फलफूल खेती, अन्न उत्पादन, माछा पालन, हाँस, कुखुरा, बट्टाई, खरायो, बाख्रा, गाई, भैंसी, भेडा, च्याङ्ग्रा, चौंरी, अकबरे, अम्रिसो, अदुवा, लसुन, खुर्सानी, दूध डेरी र दूधबाट बनेका परिकारहरू, रेशम खेती र उत्पादन भएका सामग्रीहरू, किवी खेती, बिउ बिजन उत्पादन तथा प्रशोधन र संरक्षण अदि ।

(ख) **वन (औषधिजन्य जडीबुटी, वन पैदावार) मा अधारित उद्यम व्यवसाय** : फर्निचर, काठका सजावट सामग्री, क्युरियो सामग्री, अलैंची, औषधिका लागि कच्चा सामग्रीहरू उत्पादन, चिराइतो, सामुदायिक वन ।

(ग) **विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा अधारित उद्यम व्यवसाय** : विज्ञानका आविष्कारहरू, आइ.सि.टी. सम्बन्धी व्यवसायहरू, मोबाइल, रेडियो टि.भी.मर्मत् तथा विक्री केन्द्र, फोटो तथा सुटिङ् स्टुडियो, फोटोग्राफी, रेडियोग्राफी, भाषा प्रशिक्षण, भाषा रूपान्तरण, ट्यूसन, कोचिङ् कक्षाहरू ।

(घ) **पर्यटन प्रबर्द्धन (होटल, होमस्टे, रिसोर्ट) मा अधारित उद्यम व्यवसाय** : भाषा प्रशिक्षण, होटल व्यवसाय, क्युरियो सामान निमार्ण र विक्री, होमस्टे, रिसोर्ट, टुरिष्ट गाइड ।

(ङ) **निर्माणमा अधारित उद्यम व्यवसाय** : फलाम, काठ, माटो ढुङ्गा, इँटा, टायल, सिमेन्ट बेतबाँस, तारजाली छाला, आदिका उद्योगहरू र बनेका सामग्रीहरू, हस्तकला, चित्रकला, मूर्तिकला, हाउस वायरिङ्, रङ्रोगन, गोबर ग्यास, उन्नत चुलो, डकर्मी, सिकर्मी, क्रसर उद्योग ।

(च) **कलामा अधारित उद्यम व्यवसाय** : ढाका, मखमल, सुती, ऊनी आदिका कपडा बुन्ने, बेतबाँस तथा परालजन्य सामग्री डोको, नाम्लो, मान्द्रो, सुकुल, गुन्द्री, गलैंचा, आदि बनाउने, कपडा सिलाइ बुनाइ, बुटिक, फेसन डिजाइन, ब्युटी पार्लर, हेयरकटिङ्, मेहन्दी, चुरापोते डिजाइन, सजावटका सामग्री, खेलौना, धूप, मैनबत्ती, गरगहनाहरू, पेन्टिङ् ।

(छ) **संस्कृति, साहित्य सिर्जना, गीत सङ्गीतमा आधारित उद्यम व्यवसाय** : साँस्कृतिक परम्परागत नृत्य, कविता, कथा, निबन्ध, गायन, गीत रचना, वाद्यवादन, नृत्य, सङ्गीत आदि ।

(ज) **खाद्य प्रशोधनमा आधारित उद्यम व्यवसाय** : अचारहरू, गुन्द्रुक, मस्यौरा, सुकुटी (स्याउ, मासु, माछा, मूला, करेला आदि), सिस्नो, चिया (तुलसी, ग्रीन टी आदि), दालमोठ, चिप्स, जुस तथा पेय पदार्थहरू ।

(झ) नगरपालिकाले आवश्यकता महसुस गरी छनोट गरिने अन्य उद्यम व्यवसाय ।

**अनुसूची – २**

**(दफा ६ को उपदफा २ सँग सम्बन्धित)**

**युवा उद्यमको लागि दिइने निवेदनको ढाँचा**

**मन्थली नगरपालिकाको कार्यालय,**

**मन्थली, रामेछाप।**

मिति : .....................

विषय : **व्यावसायिक उद्यम सञ्चालनका लागि निवेदन पेस गरेको।**

उपर्युक्त सम्बन्धमा हामी तपसिलका व्यक्तिहरूले यस मन्थली नगरपालिकाअन्तर्गतको वडा नं............मा ........................व्यावसायिक (उद्यमको नाम) देहायको व्यावसायिक क्षेत्रमा सञ्चालन गर्न चाहेको हुनाले प्रविधि र व्यवस्थापनको लागि युवा उद्यम सञ्चालन निर्देशिका, २०७६ बमोजिम उपलब्ध गराइने ऋण सहयोग पाऊँ भनी कार्यविधिले निर्धारित गरेको सर्तहरूमा मन्जुर गरी तपसिल अनुसारको विवरण सहितको आवश्यक कागजात सङ्लग्न राखी यो निवेदन पेस गरेका छौं।

**संस्थागत विवरण :**

१. युवा समूहको नामथरः ....................................

२. युवा समूहको ठेगानाः जिल्लाः ........................

नगरपालिका.............................................

वडा नं.............

स्थानः............................

३. समूह-उद्यमको दर्ता नंः .................

४. दर्ता भएको जिल्लाः ...................

५. दर्ता मितिः ..............................

६. नवीकरण मितिः .........................

७. स्थायी लेखा नम्बर भए (PAN)...........................

सम्पर्क व्यक्तिको नामः .............................

पद :..........................

ठेगानाः ..........................

सम्पर्क नम्बरः ..............

समूह अध्यक्षको नाम.................

समूह उद्यमको छाप .....................

८. निवेदक युवा समूहका सदस्यहरूको विवरणः परिच्छेद ३ दफा ५(१) को प्रकरण (ख), (ग), (ङ) र दफा ५ (३) को (घ) मा भएको व्यवस्था सम्बन्धमा पूर्ण सहमत छौं अन्यथा भएको खण्डमा कानुन बमोजिम सहने छौं।

| क्र.सं. | नामथर | पद | उमेर | शैक्षिक योग्यता | स्थायी ठेगाना | सम्पर्क नं. | इमेल | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

**निवेदन साथ पेस गर्नु पर्ने कागजातहरू :**

१. एउटै वडाको १६ देखि ४० वर्षका उमेरका १० जना युवा (कम्तिमा पनि ५० प्रतिशत महिला) को सूची थान - १,

२. सम्बन्धित निकायमा संस्था दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि थान - १,

३. पाँच वर्षे व्यावसायिक योजना (व्यावसायिक उद्यम कृषि, वन, पशुपन्क्षी, विज्ञान, सूचना प्रविधि, सञ्चार, कला संस्कृति, पर्यटन प्रबर्द्धन, निर्माण आदि स्थानीय स्रोत साधनमा आधारित हुनु पर्नेछ) थान - १,

४. व्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरूको नागरिकताको प्रतिलिपि,

५. व्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरूको माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (कम्तिमा आधारभूत तह कक्षा ८ उतिर्ण गरेको हुनु पर्नेछ),

६. व्यावसायिक उद्यम सञ्चालन गर्नका लागि आवेदन दिने समूहले गरेको निर्णयको प्रतिलिपि थान - १,

७. तालिम प्राप्त भए प्रमाणपत्रको प्रतिलिपि,

८. स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि,

९. गत आ.व.को लेखा परीक्षणको प्रतिवेदन ।

**अनुसूची-३**
**(दफा-६ को उपदफा-३ सँग सम्बन्धित)**
**व्यावसायिक योजनाको ढाँचा**

| क्र.सं. | विवरण | अन्य विवरण |
|---|---|---|
| १ | व्यवसायको नाम, सङ्क्षिप्त परिचय र उद्देश्य, | नामथर :..........................................<br>उद्यमको सङ्क्षिप्त परिचय..........................<br>उद्देश्य ..........................................<br>विषय क्षेत्र/.......................................<br>उद्यमबाट उत्पादन हुने वस्तुको नाम ....................... |
| २ | ठेगाना | जिल्ला निर्वाचन क्षेत्र ..............................<br>गा.पा/न.पा.......................................<br>टोल ..............................................<br>वडा नं.............................................<br>सम्पर्क नं. ....................................... |
| ३ | सङ्लग्न हुने अनुमानित जनशक्ति | महिला..............................................<br>पुरूष ..........................................प्राप्ति<br>(स्वदेश वा विदेशबाट) ................................ |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थको नाम .....................................<br>स्रोत (स्थानीय वा बाह्य) ................................ |
| ५ | प्रयोग हुने मेसिनरी औजारको विवरण | नाम थरः ..........................................<br>अनुमानित लागत .....................................<br>(बाह्य/स्थानीय) स्रोत...................................... |
| ६ | अनुमानित लागत | कूल रू. ...........................................<br>चल पूँजी रू. .....................................<br>अचल पूँजीको नाम ................................. |
| ७ | उत्पादित वस्तुको बजार क्षेत्र | बजारको नाम दूरी ...................................<br>ढुवानी खर्च .......................................<br>दूरी ................................................ |

| | | |
|---|---|---|
| ८ | व्यवसायबाट हुने अनुमानित आम्दानी | जम्मा वार्षिक अनुमानित आम्दानी रू. ………………<br>वार्षिक अनुमानित नाफा रू. …………………………… |
| ९ | रोजगारी पाउने युवाको अनुमानित संख्या | महिला जम्मा ………………………………………<br>पुरूष ……………………………………………… |
| १० | अन्य | |

१०. **उद्यम समूहको विवरण**

युवा उद्यम समूहको नामथर :.....................................................

उद्यममा सङ्लग्न हुने युवाहरूको विवरण : ........................................

| क्र.सं. | नामथर | पद | लिङ्ग | ठेगाना | उमेर | शैक्षिक योग्यता | तालिमको नाम र अवधि | सम्पर्क नम्बर | निवेदकको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |

**नोट** : यो व्यवसायिक योजनाको एउटा नमुना हो । उल्लेखित विवरणहरू नछुटाई विस्तृत सूचना समावेश हुने गरी सिर्जनात्मक रूपमा व्यावसायिक योजना बनाउन सकिने छ ।

**समूह/संस्थाको छाप :**

**समूह/संस्थाको अध्यक्षको दस्तखत :**

**नामथर** : ....................

**मिति** : .......................

## अनुसूची–४

**(दफा–१७ को उपदफा (१) सँग सम्बन्धित)**

**प्रगति प्रतिवेदनको ढाँचा**

१) स्थानीय तहको नाम :
२) युवा उद्यम समूहको नाम :
३) कार्यक्रमको परिचय :
४) कार्यक्रमको उद्देश्य :
५) उद्यम व्यवसायस सञ्चालनको विधि-प्रक्रिया :
६) उद्यम सङ्लग्न युवाहरूको विवरण (जातिगत, लिङ्गगत) :

| क्र.स | नाम थर | ठेगाना | लिङ्ग | दलित | जन जाति | ब्राम्हण क्षेत्री | मधेसी | अन्य | महिला | पुरूष | जम्मा | मो.नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |

७) उद्यम सञ्चालन स्थान :
८) उद्यम सञ्चालन भएको मिति :
९) उद्यम सञ्चालन अवधि :
१०) हालसम्म उद्यमले गरेको मुख्य कार्य प्रगति :
११) उद्यम सञ्चालन गर्दा आइपरेका समस्याहरू :....................................
१२) ती समस्याहरू समाधानका लागि गरिएका प्रयासहरू : ...........................
१३) यस वर्ष अनुगमन गरेको पटक :
१४) अनुगमनबाट प्राप्त मुख्यमुख्य सुझावहरू र कार्यान्वयनका लागि गरिएका प्रयासहरू :
(क) मुख्य सुझावहरू : ...........................
ख) कार्यान्वयनका लागि गरिएका प्रयासहरू :............................
ग) केन्द्रबाट गर्नु पर्ने केही भए :................ .........................
१५) प्राप्त उपलब्धिहरू..........................................................
१६) निष्कर्ष : ........................................................
१७) सुझाव : ...............................................................
१८) अनुसूचीहरू :
क) युवा उद्यम समूहको बैठकको निर्णय उतार प्रतिलिपि
ख) कार्यक्रमबारे सरोकारवालाहरूलाई जानकारी गराएको कागज प्रमाणका

प्रतिलिपिहरू :

ग) कार्यक्रम शुरू भएको जानकारी पत्र (विभिन्न निकायलाई लेखिएका पत्रका प्रतिलिपिहरू)

घ) कार्यक्रम अनुगमन तथा निरीक्षणको सिलसिलामा लेखेको मन्तव्यको प्रतिलिपि

ङ) कार्यक्रमसँग सम्बन्धित फोटो र प्रतिवेदनको विद्युतीय प्रतिलिपि

च) सञ्चालित कार्यक्रमसँग सम्बन्धित हाजिरी विवरण, भरपाई विवरण आदिको प्रतिलिपि र अन्य केही भए उल्लेख गर्ने

छ) अन्तिम प्रतिवेदनको एकप्रति विद्युतीय प्रतिलिपि ।